Cover the Uncovered

Intellectual Journal of Academic Research
Volume 01, Issue 01, 2023, Pg. No. 27-32
OPEN ACCESS

Review Article

# विश्वव्यापीकरण र नेपाली भाषा शिक्षण

हेमा जोशी
विद्यावारिधि अनुसन्धानरत, सुदूरपश्चिम विश्वविद्यालय, महेन्द्रनगर, कञ्चनपुर, नेपाल

CC BY NC
Intellectual Journal of Academic Research (ISSN: 3021-906X) Copyright©2023 The Author(s): Published by Myanglung Campus Terhrathum, Nepal. Distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC BY-NC 4.0)

INFO

**Corresponding Author**

**Hema Joshi**
Ph.D Scholar
Far Western University,
Kanchanpur, Nepal

**E-mail**
joshihema262@gmail.com

**Orcid**
https://orcid.org/0009-0002-1895-4489

**Date of Submission**
June 27, 2023

**Date of Acceptance**
Aug 10, 2023

## ABSTRACT (सार)

प्रस्तुत लेख विश्वव्यापीकरण र नेपाली भाषा शिक्षणसँग सम्बद्ध रहेको छ। विविध जातजाति र भाषाभाषीको साझा फुलबारीका रुपमा रहेको नेपाल र यहाँका सबैजसो नेपालीको साझा सम्पर्क भाषा नेपाली भाषा हो। नेपाली भाषा विश्व समुदायमा फैलिरहेको छ। नेपालको परिवेशमा यो भाषाले अध्ययन, अनुसन्धान, विश्लेषण, पठनपाठन तथा विभिन्न प्रयोजनपरक तहमा भाषिक संरचनागत सक्षमता प्राप्त गर्दै आएको छ। प्राचीन कालदेखि नै नेपाली भाषा प्रशासनिक, सम्पर्क तथा राष्ट्र भाषाको भूमिकामा रहँदै आएको छ। फलस्वरुप यस भाषाको नीतिगत र संरचनागत विकास पनि हुँदै आएको विश्वव्यापीकरणका रुपमा नेपाली भाषा समृद्ध छ। नेपालका अधिकांश नेपालीको मातृभाषा र बहुसंख्यक नेपालीको सम्पर्क भाषाका रुपमा बोलिने नेपाली भाषा विभिन्न जातजाति र भाषाभाषी बिच राष्ट्रिय एकताको प्रतीकका रुपमा व्यवहृत छ। नेपाली भाषाको अत्याधुनिक विकास तथा प्रविधिमा पहुँच बढ्दै जाँदा यसको शिक्षण सिकाईमा प्रभावकारी व्यवस्थापनको खाँचो पनि बढ्दै गएको पाइन्छ। विश्वका विभिन्न देश तथा स्थानमा नेपाली भाषीहरुको आवागमन बढ्दै जानु तथा नेपाली भाषाको विश्वव्यापीकरणको अवस्थालाई यस अध्ययनमा शैक्षणिक प्रयोजनका कोणबाट विश्लेषण गरिएको छ। नेपाली भाषा विश्व समुदायमा फैलिरहेको छ। मूलतः विज्ञान प्रवृधिको विकास सञ्चार माध्यम, साहित्यिक विकास तथा विस्तार, सामाजिक सञ्जालमा केही कमीकमजोरी हुँदाहुँदै पनि नेपाली भाषा विश्वव्यापीकृत भइरहेको पाइन्छ। गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेर पुस्तकालीय अध्ययन कार्यका आधारमा द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको प्रस्तुत लेखमा विश्वव्यापीकरण र नेपाली भाषा शिक्षण को प्रयोग के, कसरी भएको छ यसका सकारात्मक पक्ष के हुन, नेपाली भाषा शिक्षणको विस्तारमा देखिएका अवसर के–कस्ता छन् भन्ने कुरालाई स्पष्ट पार्न खोजिएको छ।

**शब्दकुञ्जी (Keywords):** विश्वव्यापीकरण, शैक्षणिक, आधुनिकीकरण, गुणात्मक, सम्पर्क भाषा

**How to cite this article:** Joshi, H. (2023). विश्वव्यापीकरण र नेपाली भाषा शिक्षण. *Intellectual Journal of Academic Research (IJAR).* 1(1), 27-32.

## विषय परिचय

विश्वव्यापीकरण विकासको पछिल्लो परिभाषा हो । विश्वव्यापीकरणलाई नेपालीमा भूमण्डलीकरण र अंग्रेजीमा ग्लोबलाइजेसन भनिन्छ। विश्वव्यापीकरण निरन्तर चलिरहने प्रकृया हो । यसको चर्चा पश्चिमी देशहरूबाट आर्थिक विकासका सन्दर्भमा भएको हो। विश्वव्यापीकरण आजको आवश्यकता हो। देश, समाज, व्यवसाय र मानव जीवनका हरेक पक्ष यसबाट प्रभावित छन् । राष्ट्रिय अर्थतन्त्रसँग आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक, प्रवृधि आदिको आधारमा जोड्नुलाई नै विश्वव्यापीकरण भनिन्छ। अर्को शब्दमा एउटा देशमा उत्पादित वस्तु तथा सेवा, प्रवृधि ज्ञान, सिप विना अवरोध अर्को देशमा प्रवेश गर्न पाउनुलाई नै विश्वव्यापीकरण भनिन्छ। विश्वव्यापीकरणले देशहरूमा परनिर्भरता बढाउने काम गर्छ । यसमा स्थानीय संस्कृति परम्पराको साथै मूल्य मान्यतामा ह्रास आउँछ तथा विदेशी संस्कृति तथा परम्परा अवलम्वन गर्ने प्रवृति बढ्छ। कुनै पनि सेवाको विश्व परिवेशमा गरिने प्रयोग तथा सञ्चालन प्रकृया विश्वव्यापीकरण हो। नेपाली भाषा नेपालको सम्पर्क भाषा तथा भारत, भुटान र म्यानमारको केही भागमा मातृभाषाको रूपमा बोलिने भाषा हो । विश्वव्यापीकरण मानव, वस्तु, सेवाहरू, पूँजी, प्रविधि, सांस्कृतिक, विश्वभरिका विभिन्न क्षेत्र, जनसंख्या, कम्पनी र विश्वव्यापी सरकारहरू बिचको अन्तक्रिया व्यापार, विचार, संस्कृतिको एकीकरणको प्रक्रिया हो । विश्वव्यापीकरण प्रक्रिया जसद्वारा व्यक्ति र सिमानाहरू, बजार, एकीकरण र देशहरूबिच उत्पादन र सेवाहरूको प्रवाह हो । खासगरी सन् १९१० पछि लाखौँ संख्यामा नेपालीहरू आप्रवासीका रूपमा विदेसिन थालेपछि अस्ट्रेलिया, बेलायत, अमेरिका, क्यानेडा, युरोपेली संघ र खाडी मुलुकहरूमा नेपाली भाषीहरू छरिएका छन् । नेपालका करिब आधा जनसंख्याले आफ्नो मातृभाषाको रूपमा यो भाषा बोल्ने गर्दछन्। देवनागिरी लिपिमा लेखिने यो भाषामा दुई किसिमका वर्णमाला छन् । स्वरवर्णमा १२ र व्यञ्जनवर्णमा ३६ वटा वर्णहरू रहेका छन्। नेपाली मातृभाषीलाई नेपाली भाषा शिक्षणसँगै नेपाली भाषाको विश्वव्यापीकरणमा सहजताको वातावरण तय हुन्छ । नेपाली भाषा अन्य विषय तथा सिकाइको माध्यम पनि हो।

बहुसंख्यक नेपालीको साझा सम्पर्कको माध्यम नेपाली भाषा भएकाले अध्यापनलाई मानकीकरणका दृष्टिले साहित्यिक अनुराग बढाउने उद्देश्यले यसको अध्ययन गरिन्छ। विश्वव्यापीकरणका कारण नेपाली भाषामा विभिन्न भाषाका शब्दहरू भित्रिएका छन्। नेपाली भाषाको व्यापकता पनि रहेको छ। नेपाली भाषीहरूका लागि मातृभाषा सम्पर्क भाषा नै बनेको छ । वैज्ञानिक प्रवृधि तथा डिजिटल वा अनलाइन पद्धतिबाट नेपाली समाचार, साहित्य तथा नेपाली भाषीहरूको आपसी सञ्चरण हुने क्रम बढिरहेकै छ। यस भाषामा पनि कम्पयुटर र इन्टरनेट प्रवृधिबाट विश्वका विभिन्न कुनामा बसेका नेपाली प्रयोगकर्ताको लागि अर्को कुनामा बस्नेहरूसँगको सम्पर्क र सम्प्रेषण सम्भव भएको छ । नेपाली भाषा वर्तमान समयसम्म आइपुग्दा प्रसारणको दृष्टिले विश्वव्यापी बन्दै गइरहेको छ। नेपाली भाषाका माध्यमबाट नेपालका मातृभाषाहरूको अध्ययन गर्ने क्रम बढेसँगै नेपालभित्र र बाहिर यसले व्यापकता पाउन थालेको छ। नेपाली भाषाको विकास र विस्तारले फड्को मार्नमा व्यवस्थित भाषिक संरचना, व्याकरण व्यवस्था र भाषिक व्यवस्थापनको सक्षमताको पनि पक्ष जोडिन्छ। यति हुँदाहुँदै पनि अत्याधुनिक प्रवृधिमा अनलाइनबाट सम्बन्ध कायम गर्ने गरी अझै सुव्यवस्थित भएको भने पाइँदैन । यसका लागि नेपाली भाषाको आफ्नोपनामा हेर्दा नेपाली भाषाको विश्वव्यापीकरणलाई भाषा शिक्षणले प्रत्यक्ष र सकारात्मक प्रभाव पारेको छ।

## अनुसन्धान उद्देश्य

नेपाली भाषाको विश्वव्यापीकरणको अवस्थालाई यस अध्ययनमा शैक्षणिक प्रयोजनका कोणबाट विश्लेषण गरिएको छ। विशेष गरेर नेपाली भाषाप्रति भाषानीतिगत व्यवस्था तथा यसको विस्तारको अवधारणलाई अध्ययनमा समावेश गरिएको छ। वर्तमान सन्दर्भमा नेपाली भाषाको विश्वव्यापीकरण स्थितिको निरूपण गर्नु प्रस्तुत अनुसन्धानमूलक लेखको उद्देश्य हो।

## अध्ययन विधि

यो लेख गुणात्मक ढाँचा प्रयोग गरी तयार पारिएको छ । यसका लागि वर्णनात्मक र विश्लेषणात्मक विधि उपयोग गरिएको छ। तथ्याङ्कहरू सङ्कलन र विश्लेषण गर्न यससँग सम्बन्धित पुस्तकहरू, पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरू, अनुसन्धानात्मक कृति, कार्यपत्र र वेभ साइटको पनि अध्ययन गरी तर्कसंगत तरिकाले विश्लेषण गरी व्याख्या गरिएको छ।

**सामग्री चयन**

प्रस्तुत अध्ययनका शोध्य समस्यासहित सम्बन्धित सामग्रीहरूको सङ्कलन मूलतः पुस्तकालयीय कार्यबाट गरिएको छ। यसअन्तर्गत पनि प्राथमिक तथा द्वितीयक प्रकृतिको सामग्रीहरूको सङ्कलन गरिएको छ। आधारभूत सामग्रीका रूपमा विश्वव्यापीकरण र नेपाली भाषाको शिक्षण गर्न आवश्यक पर्याधार र अर्थापनका ढाँचा निर्धारणका लागि विभिन्न लेखक तथा अध्येताहरूद्वारा गरिएका पूर्वकार्यहरूलाई उपयोगमा ल्याइएको छ।

**सैद्धान्तिक अवधारणा**

विभिन्न भाषाभाषी र जातजाति बिच राष्ट्रिय एकता र सामाजिक सम्पर्कको माध्यम भाषाका रूपमा नेपाली भाषाले आफ्नो अश्रुण्न भूमिका निभाउँदै आएको छ। नेपाली भाषाको प्रयोगलाई अनलाइन तथा सञ्चार क्षेत्रमा कुरूप बनाएर प्रयोग गर्ने क्रम बढ्नु, अङ्ग्रेजी भाषालाई मिसाएर नेपाली भाषाको प्रयोग गर्ने क्रम बढेसँगै समस्या चुलिएको छ । विश्वव्यापीकरण मानव, वस्तु, सेवाहरू, पूँजी, प्रविधि, संस्कृति, विश्वभरिका विभिन्न क्षेत्र, जनसंख्या, कम्पनी र विश्वव्यापी सरकारहरू बिचको अन्तक्रिया व्यापार, विचार, संस्कृतिको एकीकरणको प्रक्रिया हो । विश्वव्यापीकरण प्रक्रिया जसद्वारा व्यक्ति र सीमानाहरू, बजार, एकीकरण र देशहरू बिच उत्पादन र सेवाहरूको प्रवाह हो । समयको परिवर्तन सँगै आधुनिकीकरण तथा मानकीकरण विभिन्न खाले चरणलाई पार गर्दै जीवन्त बन्दै आजसम्म व्यापकता पाइरहेको भाषाको रूपमा नेपाली भाषाले स्थान जमाएको पाइन्छ । सरकारी कामकाजको भाषा भएकाले यो एउटा मुलुकको साझा सम्पर्कको माध्यम भाषा बन्न पुगेको हो। व्यापारीक सन्दर्भ, प्रशासनिक सन्दर्भ औद्योगिक कार्यकलापजस्ता विविध प्रयोजनपरक पक्षमा नेपाली भाषाले सबैसँग सहसम्बन्ध गाँस्ने हुनाले यसको शिक्षण तथा वैज्ञानिक व्यवस्थाको खाँचो छ। तसर्थ यस अध्ययनमा नेपाली भाषाको विस्तारित पक्ष तथा यसको शिक्षणको अवस्था र आवश्यकतालाई केलाइनु आवश्यक ठानिएको छ । प्रस्तुत लेखमा विश्वव्यापीकरण र नेपाली भाषा सम्बन्धी अवधारणाहरूलाई सामग्री विश्लेषणको सैद्धान्तिक आधारका रूपमा प्रयोग गरिएको छ।

**अर्थापनको ढाँचा**

यस अध्ययनमा मूलतः आगमनात्मक, वर्णनात्मक, गुणात्मक विधिको उपयोग गरी प्रस्तुत अध्ययन 'विश्वव्यापीकरण र नेपाली भाषा शिक्षण' को बारेमा विश्लेषण गरिएको छ। लेखको विश्लेषणका लागि निर्धारित सैद्धान्तिक आधारको समेत उपयोग गरिएको छ ।यस किसिमबाट लेखमा उपयोगमा ल्याइएको अर्थापनको ढाँचा यस प्रकार रहेको छ –

- नेपाली भाषा शिक्षण र व्यापकता
- विदेशमा नेपाली भाषा

नेपाली भाषा साझा सम्पर्कको माध्यम हो । यसको विकास र विस्तारले अन्य भाषाको अध्ययन अनुसन्धान र संरक्षणमा प्रत्यक्ष टेवा पुऱ्याएको हुन्छ। यसले नेपालभित्रका मातृभाषी समुदाय तथा विदेशी समुदायसम्म पुगेर आफ्नो पहुँचलाई विस्तार गर्दै गइरहेको छ । आधुनिक प्रवृधिको विकास, अनलाइनको व्यापकता, पत्रपत्रिका तथा अन्य सञ्चारको विस्तारले नेपाली भाषाले विश्वव्यापीकरणमा पाइला अघि बढाइरहेको छ । नेपालका बहुसंख्यक नेपालीहरूले सम्पर्कको आधार र विदेशीले यहाँको अवस्था अध्ययन गर्नुपर्दा साझा सम्पर्कको आधार बन्न सक्ने भाषा भएकाले यसको वैज्ञानिक शिक्षणमा चासो बढ्नुपर्ने देखिन्छ ।

**नेपाली भाषा शिक्षण र व्यापकता**

वि.स. १९५८ मा गोरखापत्रको प्रकाशन तथा वि.स.१९६५ को माधवी पत्रिकाले नेपाली भाषासँगै भाषिक अनुसन्धानमा जग बसालेको पाइन्छ । त्यस्तै गरी वि.स. १९७० मा गोरखा भाषा प्रकाशिनी समितिको स्थापना वि.स. १९७० सालमा चन्द्रिका व्याकरण प्रकाशन, चूडामणि बन्धुको नेपाली भाषाको उत्पत्ति, पारसमणि प्रधानको नेपाली भाषाको उत्पत्ति र विकास नामक कृतिको योगदान महत्त्वपूर्ण छ। साहित्यिक, प्रशासनिक र कानुनी क्षेत्रमा नेपाली भाषाको अभिव्यक्तिले मान्यता पाएको जति अघिदेखि भएपनि वि.सं १९५८ को गोरखापत्रको प्रकाशनले यसको विकास र विस्तारमा औपचारिक वातावरण प्रदान गरेको हो भन्ने सकिन्छ। जयपृथ्वीबहादुर सिंहको अक्षराङ्क शिक्षाले नेपाली भाषाको शिक्षणमा विशेष भूमिका खेल्यो भन्ने आधार पनि कम छैन । यसै समयदेखि भाषिक सिप शिक्षणमा ग्राह्यता दिइयो भन्न सकिन्छ। त्यसो त श्रुति परम्परामा रहेको संस्कृति भाषाको अध्यापन कार्यमा भाषाका सुनाइ र बोलाइ सिप नै बढी प्रयोगमा आएको पाइन्छ । यद्यपि वर्तमान सन्दर्भमा भाषा शिक्षणलाई भाषिक सिपमध्ये पढाइ र लेखाइलाई बढी

जोड दिइन्छ । त्यसमा पनि लेखाइ सिपलाई नै उच्च स्तरीय मानिन्छ। अहिले आएर सुनाइ र बोलाइलाई पनि प्रयोगात्मक तहमा केही मान्यता दिइन थालेको पाइन्छ । यसरी वर्तमान सन्दर्भसम्म आइपुग्दा नेपाली भाषा सिपको शिक्षण भएकाले भाषाका चारवटा सुनाइ, बोलाइ, पढाइ र लेखाइको शिक्षणलाई भाषा शिक्षण भनेर बुझिन्छ। नेपाल प्राचीन कालदेखि नै विविध धर्म, संस्कृति, जात, जाति र भाषा भाषीको साझा फुलबारीको रूपमा रहँदै आएको छ। नेपालमा संस्थापक रूपमा त्रि.वि. को स्थापना वि.स.२०१६ सालमा भएपछि स्नातकोत्तर तहमा र वि.स.२०३० पछि विधावारिधि तहमा भाषासम्बन्धी अनुसन्धान हुन थालेको पाइन्छ (पौड्याल, २०६८, पृ. ११)। यसबाट नेपाली भाषाको विकास र विस्तारमा टेवा पुगेको देखिन्छ। नेपाली भाषाको विकासका लागि भएका विभिन्न भाषिक आन्दोलन र मानकीकरणका प्रयासले यसमा विशेष योगदान पुऱ्याएको छ। नेपाली भाषाको विकास पछिल्लो समयमा तीव्रगतिमा भएको छ । यसको समाजभाषा वैज्ञानिक, अध्ययन हुनु, आधुनिकीकरण तथा मानकीकरणमा जोड दिनु, साहित्यिक वाङ्मय विकासमा शब्दकोश निर्माण हुनु, स्वदेशी तथा विदेशी विद्वानहरूबाट व्याकरण लेखन हुनु, आदिजस्ता कार्यले यसको व्यापकतामा सहजता ल्याएको छ। नेपाली भाषीहरू विश्वका विभिन्न भूभागमा रहे पनि डायस्पोरिक साहित्यिक सिर्जनामा दक्षता हासिल गरेका छन् (गौतम, २०७०, प . ११६)। नेपाल बाहिर विश्वका विभिन्न स्थानमा रहेपनि नेपाली भाषालाई विश्वव्यापी बनाउन नेपालीहरू लागि परेका छन्। नेपाली भाषा अन्य आधुनिक भाषाहरू के गणित विज्ञान, भूगोल, अर्थशास्त्र, व्यापार, वाणिज्य, भाषाविज्ञान, कम्प्युटरजस्ता ज्ञान विज्ञानका फाँटमा मौलाउँदै गएको छ। अब यो खस, पर्वते, गोर्खाली वा बाहुन, क्षेत्रीको मात्र भाषा रहेन सबैको साझा सम्पर्कको भाषा बनेको छ ( न्यौपाने र अन्य, २०६९, पृ. २८२) । बि. बि.सी. र भ्वाइस अफ अमेरिकामा पनि यसले प्रवेश पाएको छ । भारतको दार्जिलिङ, सिक्किम, आसाम र भुटानको दक्षिणी क्षेत्रमा नेपाली भाषीको बाहुल्यता छ भने वर्मा, थाइल्याण्ड, अमेरिका, जापान, बेलायत, अष्ट्रेलिया, मलेसिया आदि देशमा पनि नेपाली भाषीको समुदाय रहेको र त्यहाँ विभिन्न कार्यक्रमहरू नेपालीमा हुने गरेको पाइन्छ।

नेपालमा पहिलोपटक राष्ट्रिय भाषा नेपाली बाहेक अन्य भाषाहरूलाई प्रदेशस्तरमा सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्न सक्ने गरी भाषा आयोगले नेपालको संविधानको धारा ७ को उपधारा ९३० बमोजिम सरकारी कामकाजको भाषाको रूपमा सिफारिस गरेको छ। वि.सं.२०७८ को जनगणना अनुसार नेपालमा बोलिने भाषाको सङ्ख्या १२४ पुगेको छ। नयाँ थपिएका भाषामा मारेक (याक्खा) र नावा शर्पा रहेका छन्। यसअघि भाषा आयोगले २०७५/७६ को अध्ययन प्रतिवेदन अनुसार ६ वटा भाषा थपिएका थिए। राना (कञ्चनपुर), नार फु (मनाङ), चुम (स्यार) गोरखा, पाइके (डोल्पा), सेराके (सेके) (मुस्ताङ), नुब्री, लार्के गरी ६ भाषा थपिएका छन्। राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा बोलिने भाषाको संख्या १२३ वटा थियो। यिनीहरूमध्ये सबैभन्दा बढी जाति र वक्ताले बोल्ने भाषा नेपाली हो। यो भाषा परम्परादेखि समृद्ध, राष्ट्रभाषा, सरकारी कामकाजको भाषा, साझा सम्पर्क भाषा, पठनपाठनको माध्यम भाषाको भूमिकामा रहँदै आएको छ । अर्कोतर्फ नेपाली भाषाको संरचना र प्रयोगगत अवस्थामा पनि विविधता देखिन्छ । राष्ट्र निर्माणमा नेपाली भाषाले विशिष्ट भूमिका खेल्दै आएको छ। राष्ट्रिय अखण्डता र सार्वभौमिकतालाई मुटुमा राखी राष्ट्रको उत्थानमा समर्पण हुने शक्ति नेपाली भाषाले प्रदान गर्दै आएको छ। भाषा विचार विनिमयको सशक्त माध्यम हो। भाषाका माध्यमले नै मानिसले आफ्नो मन लागेका अनेक कुराहरू अरू समक्ष प्रकट गर्न सक्दछन्। संसारभर हजारौँ भाषा छन् ती भाषाका आआफ्नै विशेषता रहेका छन् । नेपालमा रहेका अत्यधिक नेपालीले प्रयोग गर्ने भाषा हो, नेपाली भाषा। भारतको देवनागरीबाट विकसित भई गुप्त लिपि, कुटिल लिपिका रूपमा रहँदै १२औँ शताब्दीदेखि आधुनिक रूपमा विकसित भएको देवनागरी लिपिमा लेखिने नेपाली भाषामा नेपालीहरूको संस्कृति र पहिचान लुकेको छ। तसर्थ नेपाली भाषालाई जोगाउनु हाम्रो दायित्व हो। हरेक भाषाको आआफ्नै महत्व हुन्छ तर अन्य भाषाभन्दा नेपाली भाषाको प्रयोगकर्ता धैरै हुनुले पनि नेपाली भाषाको पुष्टि गर्दछ।

### विदेशमा नेपाली भाषा

नेपाली भाषा मातृभाषा, राष्ट्रभाषा तथा अन्तराष्ट्रिय भाषा हो । नेपाली भाषालाई खस्, पर्वते, सिञ्जाली तथा गोर्खाली भाषाका नामले चिनिदैँ आएको छ । नेपालदेखि फैलिएको नेपाली भाषा पूर्वमा वर्मा, पश्चिममा पञ्जावसम्म, उत्तरमा हिमवत्वखण्डदेखि दक्षिण एसियाको गङ्ग्य मरूभूमि तथा अन्य देशहरूमा यसले विस्तार पाएको छ । भारतको संविधान (सन १९९२)ले नेपाली भाषालाई राष्ट्रिय भाषाको संवैधानिक मान्यता दिएको छ। बनारसले नेपाली भाषा साहित्यको विस्तारमा ठूलो भूमिका खेलेको छ। visualcapitalist.com का अनुसार नेपाली

भाषा विश्वभरका भाषामध्ये ५७ नम्बरमा पर्छ। संसारमा झण्डै ७ हजार भाषाहरू बोलिन्छन । संसारभर नेपाली भाषा बोल्ने २ करोड ५० लाख र १ करोड ६० लाखले मातृभाषा का रूपमा नेपाली भाषा प्रयोग गर्छन । करिब बिस वर्ष अगाडि नै नेपाली भाषालाई भारतीय संविधानले आठौँ अनुसूचिमा राखेर आधिकारिकता प्रदान गरिएको थियो । एक करोडभन्दा बढि सङ्ख्यामा रहेका नेपाली भाषी भारतीय नागरिकहरू नेपाली भाषाको सम्वर्द्धधन गर्न भारतका विभिन्न ठाउँहरूमा साहित्यिक प्रकाशन तथा नियमित जमघट गर्ने गर्छन । गैरआवासिय नेपाल संघ (एनआरएन) को तथ्याङ्कअनुसार भारतमा १५ लाख र तेस्रो मुलुकमा ३५ लाख नेपाली छन्। नेपाली नपुगेका मुलुकहरू विश्वमा सायदै होलान । कुनैपनि समाजको परिचय उसको संस्कृतिले दिन्छ र संसारमा कुन संस्कृति कति धनी छ भन्ने कुरा त्यसको साहित्यले दर्शाउँछ। यदि कुनै भाषा लोप भएभने समाजको कुनै अस्तित्व रहदैंन । पछिल्लो समय कतिपय नेपाली अध्ययन, पेसा र रोजगारीका सिलसिलामा विदेशी भूमिमा पुगेका छन्। तीमध्ये कतिपय उतै परिवारसँग बसेका छन् । उनीहरूका साना बच्चाले नेपाली भाषा संस्कृति भुल्ने अवस्था छ। यस्तो अवस्थामा त्यहाँ रहेका नेपालीले संघ–सँस्था स्थापना गरी नेपाली भाषा संस्कृतिको जगेर्नामा लागेको पाइन्छ।

आजभन्दा करिब एकहजार वर्षअघि खस भूमिमा जन्मिएको नेपाली भाषा अहिले संसारका सबैजसो भूमिमा फैलिसकेको छ । बिसौं शताब्दीको उत्तरार्धमा भएको सञ्चार र यातायातको चरम विकासको कारण अब नेपाली जाति संसारका प्रायः सबैजसो मुलुकमा पुगेका छन्। विशेष गरी ज्ञानार्जन र रोजगारीको खोजीमा जहाँजहाँ नेपाली पुगेका छन् त्यहीसम्म नेपाली भाषालाई पनि आफैसँग लगेकै छन् । जसरी पानी पानीसँग मिल्न खोज्छ, त्यसरी नै भाषापनि आफ्नो वक्तासँगै यात्रा गर्छ (बन्धु २०६६, पृ.५)। परदेशमा बिरानिएको नेपाली भाषाको अँगालोमा कन्यानिएको अनुभव गर्छ। त्यँही भएर नै नेपाली भाषाले आज अन्तर्राष्ट्रिय विस्तार क्रमशः पाइरहेको छ र अन्तर्राष्ट्रिय भाषाको रूपमा आफूलाई स्थापित गराउन उन्मुख भएको देखिन्छ। मानिस जुनसुकै मुलुकमा पुगोस, उसको भौतिक समृद्धिहरूले जति नै चरमचुली चुमोस र उसको प्राप्तिले जति नै शिखर आरोहण गरोस् तर आफ्नो भाषा साहित्यसँग ऊ कदापि टाढिन सक्दैन ।

विदेशमा नेपाली पाठ्यक्रम अनुसार कक्षा १२ सम्म पठनपाठन गराउन पाउने भएको छ । यसअघि विदेशमा १० कक्षासम्म पठनपाठन गराउन पाइने व्यवस्था रहेकोमा सरकारले १२ कक्षासम्म पठनपाठन गर्न पाउने स्वीकृति दिएसँगै अब विदेशमा नेपाली पाठ्यक्रम अनुसार कक्षा १२ सम्म पाइने भएको छ। स्पेनमा रहेका नेपाली बालबालिकालाई नेपाली भाषा संस्कृति र परम्परा भुल्न नदिने (नेपाली पाठशाला) नामक निःशुल्क कार्यक्रम सञ्चालनमा ल्याइएको छ। त्यहाँ रहेका नेपाली समुह (नेपाल स्पेन समाज कोस्टाब्लान्का) ले नेपाली बालबालिकालाई नेपाली भाषासँगै नेपाली संस्कृति, संस्कार, परम्परा, चाडपर्व लगायत कुराको ज्ञान दिने कार्य गरिन्छ । अमेरिका नेपाल सहयोगी समाज ले प्रकाशन गरेको(मेरो मातृभाषा नेपाली) किताबका आधारभूत, मध्यम र उच्च गरी तीन तहका किताबहरू ४ वर्षदेखि १४ वर्ष उमेर समुहका बालबालिका र किशोर किशोरीहरूलाई नेपाली भाषा, संस्कृति, रहनसहन, चाडपर्व, प्राकृतिक विविधता सिकाउनमा लक्षित हुने र उच्च तहका किताबमा बुद्धका महान उपदेश र अहिंसाका विचारहरूको अध्ययन गरिएको पाइन्छ। नेपालका विद्यार्थी विदेश जाने क्रम बढ्दो छ, विदेशिएका थुप्रै नेपाली उतै बस्दछन। उतैको भाषा बोल्छन आफ्नो संस्कृति समेत भुल्दछन् तर कतिपय विदेशी यस्ता छन्, जसलाई नेपाली असाध्यै मन पर्छ। नेपाली भाषा नेपालको रहनसहन, संस्कृति, पाली नेवार भाषा अध्ययन गर्न चीन, बेलायत, फ्रान्स, जापान, दक्षिण कोरिया रोमानिया लगायत देशबाट विद्यार्थी नेपाल आउने गरेका छन्।

**निष्कर्ष**

नेपाली भाषाको व्यापकतालाई यसको भाषानीतिगत व्यवस्थाले प्रभाव पारेको पाइन्छ। वर्तमान संविधानपूर्वका संवैधानिक व्यवस्थामा एकभाषिक नीति हुनुले, शिक्षणको स्थान पाउनुले यसमा प्रत्यक्ष प्रभाव पारेको छ। प्रशासनिक, शैक्षिक विकास, साहित्य र सङ्गीत तथा मनोरञ्जनात्मक अपेक्षा आदिले नेपाली भाषा विश्वव्यापीकृत बन्दै गएको पाइन्छ। यसको शिक्षण सिकाइका लागि भाषा पाठ्यक्रमको व्यवस्था हुनु, अनुसन्धानात्मक क्षेत्रमा विस्तारित हुनु, साहित्यिक आधार तय हुनुजस्ता पक्षले प्रयोगकर्तामा उत्साह बढेको पाइन्छ। मूलतः विज्ञान प्रवृधिको विकास, सञ्चार माध्यम, साहित्यिक विकास तथा विस्तार, सामाजिक सञ्जालमा केही कमिकमजोरी हुदाँहुदैँ पनि नेपाली भाषा विश्वव्यापीकृत भइरहेको पाइन्छ। नेपाली भाषाको भाषावैज्ञानिक अध्ययन अनुसन्धान हुनु, उच्च तहसम्म अध्ययन अध्यापन हुनु पनि एउटा विश्वव्यापीकरणको माध्यम बनेको हो भन्न सकिन्छ । यसर्थ नेपाली भाषा

विश्वमा विस्तारित हुनु नेपालीहरूको गर्भको विषय पनि हो। नेपाल भाषिक, सांस्कृतिक, भौगोलिक तथा जातीय दृष्टिले विविधतापूर्ण देश हो। नेपालमा विभिन्न भाषामध्ये भारोपेली परिवारको सतम् वर्गको भारत इरानेली शाखाको आर्य भाषाको खस अपभ्रंश भाषाका रूपमा विक्रमको एघारौँ शताब्दीमा पश्चिम नेपालको कर्णाली अञ्चलको जुम्लाको सिञ्जामा जन्मिएको नेपाली भाषा आज स्वदेशका सातै प्रदेश, सबै जिल्ला र सबै गाउपालिका तथा नगरपालिकामा मातृभाषा वा दोस्रो भाषाका रूपमा बोलिन्छ। यसका साथै यो भाषा नेपाल, बेलायत, अमेरिका, बेलायत लगायत ५० भन्दा बढी मुलुकमा फैलिएको छ। नेपाली भाषा र साहित्य एसिया महादीपको त एउटा जिउँदो र शक्तिशाली सामाजिक सम्पत्ति भएको छ भने अन्य महादेशमा पनि यसले आफ्नो प्रभाव पार्न सफल भएको देखिन्छ। यसको प्रयोग र विस्तार क्षेत्र नेपाल राष्ट्र तथा राष्ट्र बाहिर पूर्व, पश्चिम, उत्तर र दक्षिण चारैतिर फैलिएको छ। चीन, भारत लगायत अमेरिका, रूस, जापान, कोरिया, क्यानाडा, बेलायत, जर्मनीजस्ता देशहरूमा पनि यसको बिस्तार भएको पाइन्छ। यी प्रायः सबै देशहरूमा भाषा साहित्यको गतिविधि, लेखन, प्रकाशन र पठन पाठन पनि भएको देखिन्छ। साथै नेपाली भाषाको यान्त्रिक अनुवाद र रूपान्तरण गर्ने कार्यको थालनी भएको देखिन्छ। हाल आएर नेपाली भाषाले बैइकिङ, इन्टर नेटका विभिन्न साइटहरू तथा एप्सहरू (हाम्रो पात्रो, नेपाली किबोर्ड, सजिलो नेपाली, नेपाली पात्रो) मा प्रवेश पाएको छ। विश्वमा युनिकोडको माग बढ्दै गएको छ र यसको सान्दर्भिकता पुष्टि हुन थालेको छ। यी सबैको कारक भाषिक विश्वव्यापीकरणमा नेपाली भाषाले क्रमशः फड्को मारेपनि यस क्रममा विभिन्न बाधा व्यवधानहरू भेल्नु परेको छ। यस्ता बाधा व्यवधानलाई न्यूनीकरण गरी नेपाली भाषालाई विश्वव्यापी रूपमा विस्तार गर्न विभिन्न रणनीति अवलम्बन गर्नूपर्ने देखिन्छ।

**सन्दर्भ सामग्रीहरू**


अधिकारी, हेमाङ्गराज (२०५६), सामाजिक र प्रायोगिक भाषा विज्ञान, काठमाडौं : रत्न पुस्तक भण्डार।

अधिकारी, हेमाङराज (२०५९), भाषाशिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

कोइराला, विद्यानाथ (२०५४), मातृभाषामा शिक्षण, नेपालको भाषिक समाधान गर्ने तरिका, विकासको निम्ति शिक्षा, काठमाडौंः शिक्षाविकास तथा अनुसन्धान केन्द्र त्रि.वि ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), राष्ट्रिय जनगणना, काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग।

कोइराला, तुलसीहरि, विदेशमा नेपाली भाषा र साहित्य https://www .samakalinsahitya .com

गौतम, देवीप्रसाद र प्रेमप्रसाद चौलागाई (२०७०), भाषाविज्ञान, काठमाडौं पाठ्य सामग्री पसल।

ढकाल, शान्तिप्रसाद (२०७३), भाषा विज्ञान र नेपाली भाषा, काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.ली।

पौड्याल, कृष्णविलास(२०६८), भाषा विज्ञान र नेपाली भाषा, काठमाडौं : नवीन प्रकाशन।

बन्धु, चूडामणि(२०६६), नेपाली भाषाको उत्पत्ति, काठमाडौं : साझा प्रकाशन।

एथ्नोलग, ल्याङग्वेज अफ द वल्ड (सन् २०१८). http://www.entholouge.com

भट्ट, महेश प्रसाद (२०७५), भाषिक विश्वव्यापीकरण र नेपाली भाषाका मुद्दाहरू, समीक्षात्मक प्रस्फुटन अर्धवार्षिक जर्नल, काठमाडौं।

नोजु, हारूहितो, 'देश विकासका लागि भाषा बोल' http://www.dcnepal.com

नेपाल, घनश्याम, राई, सज्जय र राई, अरूण (२०६७), भारतमा नेपाली भाषा भाषा, आज र भोलि कार्यपत्र, नेपाली भाषा साहित्यको अन्तर्राष्ट्रिय विस्तार पृ. (१५५-२१२।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६९), सामान्य भाषाविज्ञान, काठमाडौ : सनलाइट पब्लिकेसन।

लम्साल, रामचन्द्र र अन्य (२०६८), सामान्य भाषा विज्ञान, काठमाडौँ : भुँडीपुराण प्रकाशन।

शर्मा, मोहनराज (२०६६), आधुनिक तथा उत्तर आधुनिक पाठक मैत्री समालोचना, काठमाडौंः स्पेस्ट पब्लिकेसन ।

शर्मा, तारानाथ (२०७०), सजिलो नेपाली, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७४), नेपाली भाषा र शिक्षाका सन्दर्भहरू, काठमाडौ :विद्यार्थी पुस्तक भण्डार।


◆◆◆◆